# गैंडाकोट नगरपालिकाको विनियोजन ऐन

गैंडाकोट नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७५।०३।१७

प्रस्तावनाः नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको सविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ।

१. सक्षिप्त नाम र पारम्भः (१) यस ऐनको नाम " गैंडाकोट नगरपालिकाको विनियोजन ऐन,२०७५" रहेको छ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७५।०७६ का निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७५।०७६ का निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसची १ मा उल्लिखित चालु खर्च, पुजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६२,०३,८८,४१५.१४। (अक्षरुपी वैसठ्ठी करोड तीनलाख अठासी हजार चार सय पन्ध्र रुपैया पैसा चौध मात्र) मा नबढाइ निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त गैंडाकोट नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।
२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को सोतमा रकम सार्न सकिनेछ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकका जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिन पर्नेछ।

अनुसुचि-१

(दफा २  सँग सम्बन्धित)

नेपालको सविधानको धारा २२९ (२) बमोजिम

## सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | अनुदान सख्या | शीर्षकको नाम | चालु खर्च | पुंजिगत खर्च/ कार्यक्रम खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | नगर कार्यपालिका | | ९,०६,५९,२२७।०० | १३,४५,५०,१८८.१४ | | २२,५२,०९,४१५.१४ |
| | वडा समिति | | ०।०० | ९,७५,००,०००।०० | | ९,७५,००,०००।०० |
| | शशर्त अनुदान | | १९,०३,७९,०००।०० | ० | | १९,०३,७९,०००।०० |
| | सामाजिक सुरक्षा भत्ता | | १०,००,००,०००।०० | ० | | १०,००,००,०००।०० |
| | विभिन्न कोष | | ७३,००,०००।०० | | | ७३,००,०००।०० |
| | जम्मा | | ३८,८३,३८,२२७।- | २३,२०,५०,१८८.१४ | | ६२,०३,८८,४१५।१४ |